नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कन्चनपुर

फोनः ०९९-५२०७०८
५२११७८
फ्याक्सः ५२४९९०
daokanchanpur75@gmail.com

प.सं. ०७७।७८
च.नं.:

मितिः २०७७।०४।१५

## स्थानीय तहगत रूपमा सेवा प्रवाह गर्ने बारेको जरूरी सूचना

एकातर्फ कोभिड-१९ को संक्रमण हुन नदिन सामाजिक/भौतिक दूरी कायम गर्नुपर्ने अवस्था र अर्कोतिर कार्यालयमा दिनानुदिन सेवाग्राहीको चाप बढ्दै गएसँगै कोरोना भाइरस संक्रमणको जोखिम पनि बढिरहेकोले मिति २०७७।०४।१८ गते आइतबारदेखि अर्को व्यवस्था नभएसम्मका लागि यस कार्यालयबाट स्थानीय तहगत रूपमा तोकिएको दिन तोकिएको स्थानीय तहका सेवाग्राहीलाई मात्र सेवा प्रवाह गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सेवा प्रवाह गरिने दिन (बार) र स्थानीय तह

| क्र.सं. | बार | स्थानीय तह | प्रवाह गरिने सेवा |
|---|---|---|---|
| १. | आइतबार<br>सोमबार | भीमदत्त नगरपालिका,<br>पुनर्वास नगरपालिका र<br>बेलौरी न.पा. भित्रका सेवाग्राही | सबै प्रकारका |
| २. | मंगलबार<br>बुधबार | कृष्णपुर नगरपालिका,<br>शुक्लाफाँटा नगरपालिका र<br>लालझाडी गाउँपालिका भित्रका सेवाग्राही | सबै प्रकारका |
| ३. | बिहीबार<br>शुक्रबार | बेदकोट नगरपालिका,<br>माहाकाली नगरपालिका र<br>बेलडाँडी गाउँपालिका भित्रका सेवाग्राही | सबै प्रकारका |

पुनश्चः शान्ति सुरक्षाको निवेदन र कानूनबमोजिम हुने मुद्दासम्बन्धी कार्यहरुः सबै कार्यालय दिनमा हुनेछन् ।

२. सेवाको बारेमा कार्यालयको हटलाईन टेलिफोन नं. ०९९-५२०७०८, ५२११७८ मा सम्पर्क गरी वा कञ्चनपुर जिल्ला प्रशासन कार्यालयको फेसबुक पेजको इन्बक्सबाट बुझ्न सकिनेछ,

३. तोकिएका दिन (बार) मिलाएर मात्र सेवाग्राहीले कार्यालयमा सेवा लिन आउनु पर्नेछ,

४. सेवाग्राहीले अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ र सामाजिक दूरीको पूर्ण ख्याल गर्नुपर्नेछ,

५. अशक्त, वृद्धवृद्धा र अत्यावश्यक देखिएमा अन्यलाई पनि सेवा प्रवाहको क्रममा प्राथमिकता दिइनेछ,

६. सेवा प्रवाहलाई व्यवस्थित गर्न सम्पूर्ण वडा कार्यालयहरुलाई सीमित संख्यामा सिफारिस दिन वा अत्यावश्यक भए यस कार्यालयसँग समन्वय र सम्पर्क गर्नु हुन अनुरोध छ,

७. सेवाग्राहीको भिडभाड र कोभिड-१९ संक्रमणको जोखिमअनुसार उल्लिखित ढाँचामा परिमार्जन गर्दै लगिनेछ ।

२०७७।०४।१५

सहायक प्रमुख जिल्ला अधिकारी